annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८४ पृष्ठ ८ | काठमाडौं, बुधबार ९ साउन २०८१ | साउन कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४४ | WEDNESDAY, JULY 24, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०





कभर स्टोरी

## धराशायी बन्दै जानकी आँखा अस्पताल

राजनीतिक हस्तक्षेप र आर्थिक अपारदर्शिताले जरो गाड्न थालेपछि यस क्षेत्रकै शान जानकी आँखा अस्पताल धराशायी हुने अवस्थामा पुगेको छ। संगठन जोगाउन नेपाल रेडक्रसले निभाउनुपर्ने अभिभावकत्वको अभावले गर्दा समस्याहरू दिनप्रतिदिन बल्झिँदै गएका छन्।

मनिका झा | *जनकपुरधाम*

– को रिपोर्ट

समाचार पृष्ठ २

आँखा अस्पताल बन्द भएपछि अलपत्र परेका बिरामीहरू।
● मनिका झा

## जलवायु प्रदूषणको चपेटामा विश्व



**दिवाकर उप्रेती**

इजलास

नेजुयलाले गुमाए जस्तै नेपालको पनि हिमनदी विलिन हुन सक्ने संकट छ। इसिमोडको सन् २००९ को तथ्यांकअनुसार नेपालसँग १ हजार ४ सय ६६ वटा हिमताल छन्। जसमा तत्कालीन अवस्थामा २४ हिमताल खतराको अवस्थामा छन्। तथ्यांकलाई मात्र आधार मान्ने हो भने नेपाल सरकारसँग यो १५ वर्षमा हिमतालको अवस्था तथा यसको प्रणालीमा के कस्तो फेरबदल भयो भन्ने लेखाजोखा छैन।

त्यस्तै पछिल्लो दुई वर्षदेखि काठमाडौंको वायु प्रदूषणले भयंकर रूप लिएको छ। नेपालको राजधानीले पटक-पटक विश्वमञ्चमा वायु प्रदूषणको उच्च रेकर्ड कायम गरेको छ। यसले मानव स्वास्थमा ठूलो असर पारेको छ। स्टेट अफ ग्लोबल एयर २०२४ को ताजा तथ्यांक हेर्ने हो भने विश्वमा ५ वर्षमुनिका बालबालिकाको मृत्युको दोस्रो ठूलो कारण वायु प्रदूषण हो।

जलवायु परिवर्तनले तराई मधेसको भूमिलाई मरुभूमिमा रूपान्तरण गरिरहेको छ। मधेसको उर्वर खेती भूमिगत र वर्षामा आधारित छ। तर, मौसम चक्रमा देखिएको प्रतिकूलताले अन्नको भण्डार मधेस प्रताडित भएको छ। कुनै समय भारत खाद्यान्न निर्यात गर्ने मधेस र देश पछिल्लो दशकयता आयातमा निर्भर छ। जसको प्रत्यक्ष कारण जलवायु परिवर्तन हो। पानीको दाता चुरेमाथि मानव हस्तक्षेप तथा सरकारको मौनताका कारण मधेसको जलस्रोत थप चिन्ताजनक अवस्थामा पुगेको छ। संघीय सरकारले चुरेबारे नीति तथा कार्यक्रममा उल्लेख गरे तापनि व्यावहारिक रूपमा चुरे संरक्षणमा उपलब्धि हासिल भने हुन सकेको छैन।

यसैबीच हामीले चुरे विनाशलाई रोक्न र तराई मधेसमा रहेको प्लास्टिक प्रदूषणलाई न्यूनीकरणका लागि स्थानीय र प्रदेश सरकारलाई विभिन्न कार्यक्रमबाट खबरदारी गरिरहेका छौं। साथै काठमाडौंको हकमा 'हावा बदलौं' अभियानमार्फत सरकारलाई वायु प्रदूषण रोकथामका लागि वायु प्रदूषण मापन यन्त्रको व्यवस्थापन र मिडियाको माध्यमबाट जनमानसमा जानकारी उपलब्धता गराइरहेका छौं।

*(उप्रेती कायापलटका संस्थापक तथा जलवायु अभियन्ता हुन्।)*

## विपद्का कारण १३० को मृत्यु

**तारा चापागाई** | *काठमाडौं*

पछिल्लो मनसुनजन्य विपद्का कारण हालसम्म १ सय ३० को मृत्यु भएको छ। १ सय ४४ घाइते र ४८ जना बेपत्ता भएका छन्। मंगलबार प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै गृहमन्त्री रमेश लेखकले यस वर्ष मनसुन सुरु भएको जेठ २८ देखि हालसम्म प्राकृतिक प्रकोपका कारण १ हजार ५ सय ९२ घटना भएको बताए।

प्राकृतिक विपद्का कारण २ सय ३१ घरमा क्षति पुगेको, ४३ वटा पुल बगेको र ४ हजारभन्दा बढी परिवार विस्थापित हुने अवस्थामा पुगेको उनले संसद्मा जानकारी दिए। गृहमन्त्रीका अनुसार घटनामा ५ सय ९४ पशुचौपायाको नोक्सानी भएको छ। २ सय ३१ घर र ८४ गोठमा क्षति पुगेको छ। दुइटा सरकारी भवन भत्किएका छन्। विस्थापितमध्ये १ हजार ५९ परिवारलाई सुरक्षित आश्रय स्थलमा सारिएको छ। बाँकी आफ्नै घरमा



फर्किएका छन्। मनसुनजन्य विपद्का कारणले देशका सबै ७७ वटै जिल्ला प्रभावित भएका छन्।

गृहमन्त्री लेखकले विपद् पीडितलाई सबै जिल्लामा आवश्यक राहतको व्यवस्था मिलाइएको पनि बताए। बैठकमा सांसदले राखेको जिज्ञासाको जवाफ दिने क्रममा उनले मृतकका परिवार र बेपत्ता भएकाका परिवारलाई राहत दिने कामलाई निरन्तर रूपमा अघि बढाइएको जानकारी दिए।

विपद्पछिको खोज, उद्धारका लागि नेपाल प्रहरीबाट ७ हजार १ सय ६९ जना र सशस्त्र प्रहरी बल, नेपालबाट ३ हजार ९ सय ५६ जना खटिई ९ सय ८९ जनालाई सकुशल उद्धार गर्न सकिएको उनको भनाइ छ। गृहमन्त्री लेखकले मृत्यु भएकामध्ये ४७ परिवारलाई राहत दिएको र बाँकी परिवारलाई राहत दिने क्रममा रहेको जानकारी दिए। उनले बेपत्ता भएका मानिस १० दिनभित्र फेला नपरे मृतकसरह राहत दिने सरकारको नीति रहेको बताए।

## बेलायतमा महिलाविरुद्ध हिंसा 'राष्ट्रिय आपतकाल'

**लन्डन** (रासस/एएफपी)। इंग्ल्यान्ड र वेल्समा दैनिक लगभग ३ हजार महिला हिंसाका अपराधहरू दर्ता भएसँगै यो एक 'राष्ट्रिय आपतकाल' भएको एक प्रतिवेदनले देखाएको छ।

दुई कानुन प्रवर्तन निकायद्वारा गरिएको अध्ययनले प्रत्येक वर्ष १२ महिलामध्ये कम्तीमा एक जना हिंसाको सिकार हुने अनुमान गरेको छ। 'महिला र बालिकाविरुद्धको हिंसा राष्ट्रिय आपतकाल हो,' वरिष्ठ प्रहरी प्रमुख म्यागी ब्लिथले प्रतिवेदनसँगको टिप्पणीमा भनेका छन्।

सन् २०२२ देखि २०२३ सम्ममा महिला र बालिकाविरुद्ध १० लाखभन्दा बढी हिंसात्मक अपराध प्रहरीमा दर्ता भएको अध्ययनले जनाएको छ। प्रतिवेदनले सन् २०१८-२०१९ देखि गत वर्षसम्म महिला र बालिकाविरुद्धका हिंसामा ३७ प्रतिशत वृद्धि भएको देखाएको छ। सन् २०१३ देखि २०२२ को बीचमा बाल यौन दुर्व्यवहार र शोषणका अपराधहरू ४३५ प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ। प्रतिवेदनले ८५ प्रतिशत हिंसा र उत्पीडन अनलाइनसँग सम्बन्धित रहेको बताएको छ।

बेलायतको आन्तरिक मामिला मन्त्रालयले गत वर्ष फेब्रुअरीमा महिला र बालिका विरुद्धको हिंसालाई सार्वजनिक सुरक्षाका लागि राष्ट्रिय खतरा घोषणा गरेको थियो।

गत वर्ष ४ हजार ५ सयभन्दा बढी नयाँ अधिकारीहरूलाई बलात्कार र गम्भीर यौन अपराधहरूको अनुसन्धान गर्न प्रशिक्षण दिइएको थियो। सन् २०२२ डिसेम्बर अन्त्यदेखि २०२३ डिसेम्बर अन्त्यसम्म वयस्क बलात्कारको आरोपमा ३८ प्रतिशतले वृद्धि भएको प्रतिवेदनले जनाएको छ।

## प्राधिकरणले जोड्ने भयो उद्योगको लाइन

**सुनिता कार्की** | *काठमाडौं*

नेपाल विद्युत् प्राधिकरणले काटिएका उद्योगको विद्युत्को लाइन जोडेको छ। प्राधिकरणले ससर्त काटिएका उद्योगीको लाइन जोडेको हो। डेडिकेटेड तथा ट्रंक लाइनका बक्यौता नतिर्ने ठूला ग्राहकहरूको गत असार २५, २६ र २७ गते गरी ६ उद्योगको लाइन काटेको थियो। काटिएका उद्योगीको लाइन मंगलबार साँझबाट क्रमशः जोडिएको प्राधिकरण स्रोतले जनाएको छ। प्राधिकरणले रिलायन्स स्पिनिङ, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक, हुलास स्टिल र जगदम्बा स्टिलको लाइन काटेको थियो।

डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत् महसुलको विवाद समाधान गर्न गठित जाँचबुझ आयोगको सुझावअनुसार नै प्राधिकरणले सम्बन्धित उद्योगीहरूलाई यही असार ९ गते बिल पठाएको थियो। प्राधिकरणले दिएको १५ दिनको अवधि सोमबार नै सक्किएको छ। अहिलेसम्म बक्यौता रहेका उद्योगीहरूको लाइन काट्छ वा काट्दैन स्पष्ट भएको छैन। आयोगले महसुल उठाउन भनी तोकिएको अवधिको बक्यौता करिब ६ अर्ब ६० करोड रुपैयाँ रहेको छ।


सत्ता गठबन्धन फेरिएसँगै प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले काटिएका उद्योगको लाइन जोड्न प्राधिकरणलाई निर्देशन दिएका थिए। ओलीले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र उद्योगहरूसँग छलफल गरेका थिए। छलफलका क्रममा ओलीले घिसिङले प्राधिकरण सञ्चालक समितिको बैठक डाकी लाइन जोड्न प्रक्रिया अघि बढाउन भनेका थिए।

प्रधानमन्त्रीको निर्देशनपछि गत शुक्रबार प्राधिकरण सञ्चालक समिति बैठक बसे पनि लाइन जोड्ने सम्बन्धमा सहमति हुन सकेन। लिखित निर्देशन नआएसम्म लाइन नजोड्ने पक्षमा प्राधिकरण थियो। आइतबार विद्युत् नियमन आयोगले प्राधिकरणलाई पत्र पठाउँदै काटिएको लाइन जोड्न निर्देशन दिएको थियो।

आयोगले विद्युत् उपभोक्त हित संरक्षणसम्बन्धी निर्देशिका २०८० को दफा १३ को उपदफा (१) देखि उपदफा (१०) उल्लंघन भनिएको छ। जसले उपभोक्ताले गरेको गुनासो समाधान सम्बोधन हुन अघि नै विद्युत् दिने संस्थाले लाइन काट्न नमिल्ने व्यवस्था छ। डेडिकेटेड तथा ट्रंक लाइनका ग्राहकहरूले निवेदन दिएका कारण लाइन जोड्न र किन लाइन जोड्न उपयुक्त नहुने सम्बन्धमा ३० दिनभित्र आयोगमा सबुत तथा प्रमाणसहित भनाइ पेस गर्न प्राधिकरणलाई निर्देशन दिएको थियो।

सोमबार पुनः प्राधिकरण सञ्चालक समिति बैठक बस्यो। बैठकमा काटिएको लाइन जोड्नुपर्छ भन्ने बहुमतसँगै बैठकको निर्णयका सम्बन्धमा कार्यकारी निर्देशक घिसिङले माइन्युट उठाएका थिए। प्राधिकरण सञ्चालक समिति सचिवसमेत रहेका घिसिङले बक्यौता रहेका उद्योगीहरूलाई तीन महिनाभित्र महसुल उठाउने म्याद पनि दिएका छन्।

उक्त माइन्युटमा लेखिएको छ, 'तीन महिनाभित्र उद्योगीहरूको बक्यौता विद्युत् महसुल भुक्तानी नगरेमा पुनः बक्यौता असुलउपर गर्न कारबाही अगाडि बढाउने गरी विद्युत् नियमन आयोगको निर्देशनअनुसार उद्योगीहरूको विद्युत् लाइन जोडिनेछ।' यसअघि २०८० पुसमा बक्यौता




बाँकी रहेका उद्योगीहरूको प्राधिकरणले लाइन काटेको थियो। सरकारको दबाबपछि करिब २० दिनमा काटिएको लाइन जोडिएको थियो। प्राधिकरण र निजी उद्योगीबीच डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत् महसुलको विवाद उत्कर्षमा पुगेपछि गत माघ २४ गते सरकारले आयोग गठन गरेको थियो। सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित आयोगमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिँचाइ) र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) सदस्य थिए।

आयोगले प्रतिवेदनमा विवादित तीन समयका बारेमा समावेश गरेको छ। पहिलो २०७२ साउनदेखि २०७२ पुससम्म, दोस्रो २०७२ माघदेखि २०७५ वैशाखसम्म र तेस्रो २०७५ जेठदेखि २०७७ असारसम्मको समयलाई अध्ययन गरेको थियो। उक्त प्रतिवेदनले पहिलो र तेस्रो अवधिको बक्यौता लिन सही नहुने भनेको छ।

प्राधिकरणले आफ्ना औद्योगिक ग्राहकहरूलाई डेडिकेटेड र ट्रक लाइनमार्फत विद्युत् आपूर्ति गरेका भनिएका उक्त अवधिहरूमध्ये २०७२ साउनदेखि २०७२ पुससम्मको अवधि महसुल निर्धारण आयोगबाट महसुल निर्धारण नभै सकेको अवधि हो भने २०७२ माघ देखि २०७५ वैशाखसम्मको समय सो आयोगबाट महसुल निर्धारित भइसकेको अवधि हो। त्यस्तै सबैभन्दा पछिल्लो अवधि अर्थात् २०७५ जेठदेखि २०७७ असारसम्मको समय प्राधिकरणको सूचनाअनुसार नै लोडसेडिङ अन्त्य भइसकेको समय हो।' प्रतिवेदनमा भनिएको छ।

आयोगले यही वैशाख २७ गते बुझाएको प्रतिवेदनले २०७२ माघदेखि २०७५ वैशाखसम्मको अवधिमा डेडिकेटेड तथा ट्रंक लाइन बक्यौता उठाउन मिल्ने भनेको छ। तर, उक्त अवधिमा डेडिकेटेडको हकमा लोडसेडिङको समयमा पनि चौबिसैं घण्टा बिजुली उपलब्ध गराएको र ट्रंक लाइनको हकमा कम्तीमा ६ घण्टा लोडसेडिङ र २० घण्टा निरन्तर बिजुली दिनुपर्ने उल्लेख छ। तर, प्राधिकरणले नै २०७२ को फागुन ११ गते गोरखापत्रमा सूचना प्रकाशित गर्दै डेडिकेटेड फिडरका ग्राहकहरूका लागि लोडसेडिङ हुने भन्ने तालिका प्रकाशित गरेको आयोगको प्रतिवेदनमा उल्लेख छ। यसले डेडिकेटेडको हकमा चौबिसैं घण्टा विद्युत् आपूर्ति हुनुपर्ने नियम उल्लंघन भएको र यसको बक्यौता तिर्ने आधार नभएको मुरारका बताउँछन्।

यस्तै ट्रंक लाइनको हकमा पनि प्राधिकरणले २०७३ कात्तिक २४ गते गोरखापत्रमा सूचना जारी गरी औद्योगिक क्षेत्रमा चार घण्टामात्र लोडसेडिङ कायम भएको उल्लेख छ। त्यसपछिको अर्को सूचनामा तीन घण्टा कायम गरिएको थियो। यसले ट्रंक लाइनका लागि तोकिएको कम्तीमा ६ घण्टा लोडसेडिङ भन्ने नियम तोडिएकाले यसको रकम असुल्न उचित नहुने भनिएको छ। प्राधिकरणले यी अवस्थाहरूको अध्ययन नगरी एकमुष्ट बिल पठाएकोमा उद्योगीहरूले आपत्ति जनाउँदै आएका छन्।

» बाँकी पृष्ठ ६